## स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन

### २०८१ साल फागुन २७ गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने

२. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सम्पन्न भएका देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि भएका जाँचपास तथा फरफारक समितिको बैठकका निर्णयहरु अनुमोदन गर्ने

तपसिल

| सि.नं. | आयोजनाको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिका बाट भुक्तानी हुने रकम रु | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १ | भित्रे चित्रे आहालेडाँडा सडक शैलुङ ६ | ५,३९,८७६।०० | ५,६०,९४०।८० | ४,८०,०००।०० | सडक सोलिङ २२३ मीटर अर्थात १३९ घमी भएको। |
| २ | गोठपानी बुढीबाजे गैरी शैलुङ ६ | ५,३८,७२२।५१ | ५,५१,०७८।९३ | ४,८०,०००।०० | सडक सोलिङ २१५ मीटर अर्थात १२४ घमी ग्राभेल बिछ्याउने २८ घमी र नाला व्यवस्थापन तथा सडक सतह मिलाउने कार्य भएको |
| ३ | सडक सरसफाई शैलुङ १ | ८,७९,०००।२१ | ८,८२,५७५।२७ | ७,६७,०००।०० | पहिरो पन्छाउने तथा सडक सतह मिलाउने कार्य ७१५५ घमी र सडक सोलिङ ३३ घमी अर्थात ४१ मिटर भएको। |
| ४ | चिनाखोरिया सडक नयाँ ट्र्याक शैलुङ ४ | ५,४१,७१०।०७ | ५,४५,२७५।७३ | ४,८०,०००।०० | विभिन्न प्रकारको माटो तथा चट्टान ४५७९ घमी काटी सो बाट निस्केको माटो ११८ घमी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ढुवानी गरी पन्छाउने कार्य गरी सडक निर्माण भएको। |
| ५ | दुर्गा मावि भुमेथान सडक सोलिङ शैलुङ ४ | ५,३९,८९५।०४ | ५,४५,८८३।१७ | ४,७८,७००।०० | विभिन्न प्रकारको माटो तथा चट्टान १३६९ घमी काट्ने र सडक सोलिङ ९७ घमी अर्थात १२२ मीटर भएको |
| ६ | दलित वस्ती दर्सिङधोड सडक शैलुङ ४ | ५,३५,८५६।०० | ५,३९,०७२।०० | ४,७८,७००।०० | सडक सोलिङ १३३ घमी अर्थात १६७ मीटर भएको। |

३. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सञ्चालन भएका देहायका आयोजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भै तयार भएको अनुगमन समितिको देहाय बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने

**गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन**

२३ फागुन, २०८१

यस शैलुङ गाउँपालिकाको आ ब २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

**अनुगमन गरिएका आयोजनाहरुः**

१) मिति २०८१ साल पौष १२ गते शुक्रबारका दिन शैलुङ गाउँपालिकाको वडा नं ४ स्थित हिले बिम्चेत सडक दुर्गा मावि भुमेथान सडक र वडा नं ७ स्थित टुडिखेल गोठपानी सडकको स्थलगत अनुगमन गरियो। जसमा उपभोक्ता समिति मार्फत कार्यान्वयन भएको हिले बिम्चेत सडक शैलुङ ४ सडक सोलिङमा चुकुल ठोक्ने सोलिङको शुरुवात र अन्तिममा फिनिसिङ सुधार गर्नुपर्ने र साइड क्लियर गर्नुपर्ने देखिएकोले सो को कार्य सम्पन्न भएको तर सुधार गर्नुपर्ने कुराहरु सुधार गरेर पेश गर्न सुझाव दिइयो।

भुमेथान दुर्गा मावि सडकको काम भैरहेको र सो सडकमा समेत नाला व्यव्थापन गर्नुपर्ने र लागत अनुमान बमोजिमको कार्य सम्पन्न गर्नुपर्ने सुझाव दिइयो।

निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको टुडिखेल गोठपानी सडक शैलुङ ७ को सडक ढलान कार्य सम्पन्न भएको सो को कार्य सन्तोषजनक रहेको तर ढलानमा क्युरिङ गर्ने कुरामा थप ध्यान दिनुपर्ने देखिएकोले सोही बमोजिम सुझाव दिइएको छ।

२) मिति २०८१ साल पौष १९ गते वडा नं ८ मा निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको भैंसे मनगाउँ सडकको अनुगमन गरिएकोमा उक्त सडकको सोलिङ कार्यमा सन्तुष्ट हुन सकिएन। सोलिङको लेभल मिलाउनु पर्ने उचाइ पुग्नेगरी काम थप गर्नुपर्ने एजिङ मिलाउनु पर्ने र सइड क्लियर गर्नुपर्ने देखिएकोले सोही बमोजिम कार्य सम्पन्न गरी पेश गर्न निर्माण व्यवसायीलाइ सुझाव

दिइयो । साथै ग्राभेल गरिएको ठाउँमा पनि नाला व्यवस्थापन गर्नुपर्ने तथा साइड क्लियर गर्नुपर्ने देखिएको र सोही बमोजिम गर्न सुझाव दिइएको ।

वडा नं ८ मा भएको सडक सरसफाइको कार्य अन्तरगत सडकमा ग्राभेल बिछयाउने कार्य भएको र उक्त कार्य सम्पन्न भएको देखियो ।

वडा नं ६ मा गोठपानी बुढीबाजे गैरी सडक सोलिङको कार्य सम्पन्न भएको तर सोलिङ भएको केही ठाउँमा साइड क्लियर गरी नाला मार्फत वर्षातको पानी बग्ने व्यवस्था मिलाउनु पर्ने देखिएकोले सोही बमोजिम गरी पेश गर्न सुझाव दिइएको । साथै सोही सडकमा ग्रभेल बिछयाएको स्थानमा प्राविधिक रुपले जाच गरी कार्य सम्पन्न पेश गर्न सुझाव दिइएको छ ।

३) २०८१ पौष २४ गते वडा नं ५ को प्वारटोल घ्याङडाँडा सडकको अनुगमनको क्रममा सोलिङको थप सुधार गर्नुपर्ने जसमा चुकुल ठोक्ने कार्यमा ध्यान दिनुपर्ने देखियो । काम भै रहेको अवस्थामा पुगिएकोले उक्त सडकमा काम गरिरहनु भएका कामदारहरुलाई सोही बमोजिम गर्ने सुझाव दिइयो ।

वडा नं ५ को लप्टनटोल थापागाउँ सडकको सोलिङ कार्य सम्पन्न भनिएको तर सो सोलिङमा चुकुल ठोक्ने कार्य नभएको लेभल नमिलेको लगायत अवस्था देखिएकोले सोही बमोजिम गर्न सुझाव दिइएको ।

पानीघाट बुढासेरा थाली कृषि सडक शैलुङ ५ को काम भै रहेको र सो स्थानमा पनि काम गरिरहनु भएका कामदारहरु सँग भटघाट भएकोले सोलिङ सुधार गरी काम गर्न सुझाव दिइएको । ढुङ्गा ढुवानीका क्रममा यस अघि सोही सडकमा गरिएको सोलिङमा क्षति पुगेकोले सो समेत क्षति पुगेको सोलिङ सुधार गर्ने तथा हाल गरिएको सोलिङमा पनि सुधार गर्नुपर्ने अवस्था देखिएकोले सोही बमोजिम समयमा नै गुणस्तरीय कार्य गर्न सुझाव दिइएको छ ।

कृषि उपज संकलन केन्द्र भवनको प्राविधिक लागत अनुमान बमोजिम काम भै रहेको अन्तिम चरणमा पुगेको उक्त कार्य समयमा नै इष्टिमेट अनुसार सम्पन्न गर्न सुझाव दिइएको ।

वडा स्तरीय सडक मर्मतको कार्य सम्पन्न भएकोले प्राविधिकले स्थलगत रुपमा अवलोकन गरी कार्य सम्पन्न पेश गर्न सुझाव दिइएको छ ।

४) पौष २६ गते वडा नं ६ को हुलाके गोचेत गाउँपालिका सडकको अनुगमनका क्रममा उक्त कार्यको मर्मत सुधार गर्न सुझाव दिइएको छ। त्यस्तै सोलिङ भएको ठाउँमा साइड क्लियर गर्ने तथा नाला सफा गर्ने र सोलिङ नमिलेको ठाउँमा ग्रभेल राखी मर्मत कार्य गर्न सुझाव दिइयो ।

वडा नं ६ को मुलखर्क लहरे खोकरधोङ सडक सोलिङ गरिएको ठाउँमा साइड क्लियर गर्ने भित्रे पानीकुवा सडकमा ग्याविन गरिएको ठाउँमा थप फिलिङ गर्नुपर्ने भित्रे चित्रे आहालेडाँडा सडक सोलिङमा केही स्थानमा चुकुल ठोक्नुपर्ने सुझाव दिइयो ।

वडा नं ६ को प्याथरखोला खानेपानीको अनुगमन गरी धारा निर्माण तथा टुयाङ्की निर्माणका क्रममा भएका कमी कमजोरी सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी गराई सुधार गर्न सुझाव दिइएको छ ।

५) २०८१ माघ १० गते वडा नं ८ को नुनथला पाँडेखानी सडक सोलिङ सन्तोषजनक रहेको भएपनि ठाउँ ठाउँमा चुकुल ठोक्ने नाला सफा गर्ने तथा साईड क्लियर गर्न सुझाव दिइयो । त्यसैगरी माथिल्लो खोरण्डे सडक शैलुङ ८ मा सोलिङ गर्ने नाला सुधार गर्ने लगायतका कार्य प्राविधिक लागत अनुमान अनुसार पूर्ण गर्न सुझाव दिइएको ।

माघ १० गतेकै दिन वडा नं ४ स्थित दुर्गा मावि भुमेथान सडकको अनुगमन गरी सोलिङ भएको स्थानमा साईड क्लियर गर्ने र नाला सफा गर्ने सुझाव दिइयो । दलित वस्ती दर्सिङधोङ सडक सोलिङको चुकुल मिलाउने लगायतको सुझाव दिइयो । चिनाखोरिया सडक नयाँ ट्र्याकको लागत अनुमान बमोजिक बाँकी कार्य सम्पन्न गर्न सुझाव दिइएको । सयपाटी ढाड सडक नयाँ ट्र्याकको पनि लागत अनुमान बमोजिम बाँकी कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको । सर्पखोला लाम्चेआहाल सिढी निर्माण शैलुङ ३ को समेत सोहि दिनमा अनुगमन गरी साईड क्लियर गर्नुका साथै बाँकी कार्य समेत समयमा नै सम्पन्न गरी पेश गर्न सुझाव दिइएको ।

६) २०८१ माघ २६ गते वडा नं १ को मेहेले दिप्चेन फलाटे सडक साइड क्लियर गर्ने लगायतका सुधार गरी पेश गर्न भनिएको । ढुङ्गे छाङखोला सडक स्तरोन्नति शैलुङ १ को एजिङ मिलाउने नाला थप सफा गर्ने लगायत सुधार गर्न सुझाव दिइयो त्यस्तै काडे मिक्रि सडक शैलुङ १ मा पनि एजिङ मिलाउने नाला बनाउने लगायत सुझाव दिइयो । कल्लाबारी ग्योई कोलमखान वडा कार्यालय जुगे सडक शैलुङ १ को सोलिङमा चुकुल ठोक्ने लेभल गर्ने एजिङ मजबुत गर्ने र सोलिङ गरिएको ठाउँमा साईड क्लियर गर्ने लगायतको सुझाव निर्माण व्यवसायीलाई दिइयो ।

७) २०८१ माघ २७ गते वडा नं ५ को प्वारटोल घ्याङडाँडा सडक अनुगमन गरी एजिङ सुधार र केही स्थानमा चुकुल मिलाउने समेतका कार्य गरी पेश गर्न सुझाव दिइयो ।

८) २०८१ माघ २९ गते वडा नं २ को मालिघ्याङ सिंचाई मर्मतको अनुगमन गरी क्युरिङ निरन्तर गर्नुपर्ने र पानी निकासीका लागि व्यवस्थापन गर्नुपर्ने सुझाव दिइयो भने मानेदोभान फलामे पुल शैलुङ २ को निर्माण भएको सिढी सुधार गर्ने लगायतका काम गुणस्तर कायम राखी सम्पन्न गरेर पेश गर्न भनियो । घट्टेखोला फलामे पुल शैलुङ २ को निर्माण भएको सिढी थप व्यवस्थित गर्ने र प्राविधिक लागत अनुमान बमोजिमका कार्य सम्पन्न गरी पेश गर्ने पाटा लामाटोल खानेपानी शैलुङ २ मा निर्माण भएको ट्याङ्की वरिपरि सईड क्लियर गर्ने लगायतका सुधार गरी पेश गर्न सुझाव दिइयो ।

९) २०८१ फागुन ९ गते वडा नं १ स्थित मेहेले दिप्चेन फलाटे सडकको साईड क्लियर गर्ने लगायतका सुधार गरी पेश गर्न सुझाव दिइयो । ताम्चेत सिलामचौर सडक स्तरोन्नति शैलुङ १ को सोलिङमा चुकुल ठोक्ने लगायत सुधार गरी पेश गर्ने सुझाव दिइएको । ठेगालघ्यु बुट्टे सडक शैलुङ १ को हाल सम्मको काम राम्रो भएको तथा बाकी कार्य समेत पुरा गरी पेश गर्ने भनिएको । काँडे मिक्री सडक नयाँ ट्र्याकमा नाला थप सुधार गर्ने र साईड क्लियर गर्ने कार्य गरी पेश गर्न सुझाव दिइएको । त्यस्तै यस अघि पनि अनुगमन गरिएको ढुङ्गे छाङखोला फलाटे सडकमा साइड क्लियर गर्ने र नाला व्यवस्थित गरी पेश गर्न सुझाव दिइयो ।

१०) २०८१ साल फागुन २१ गते वडा नं ५ ६ र ७ का आयोजनाहरुको अनुगमन गरी आवश्यक सल्लाह एवं सुझावहरु दिइएको छ । बिरेन्द्र मावि भौतिक व्यवस्थापन कृषि उपज संकलन केन्द्र भवन व्यस्थापनको कार्य सम्पन्न भएको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा नं ५ मा भएको सडक सोलिङको कार्य व्यापक सुधार गर्नुपर्ने देखिएको छ । जसमा सोलिङको एजिङ मिलाउने चुकुल ठोकी सोलिङ बलियो बनाउने सोलिङ कार्यको शुरु विन्दु र अन्तिम विन्दुमा मजबुत हुनेगरी फिनिसङ गर्ने र पुन अनुगमन भएपछि मात्र पेश गर्न सुझाव दिइएको छ । पानीघाट बुढासेरा थाली कृषि सडक शैलुङ ५ को सोलिङमा चुकुल मिलाउने खेतमा पानी लगाउने कुलोहरु व्यवस्थापन गरिदिने भासिएको सोलिङमा ग्राभेल गरी सतह मिलाउने लगायतका सुधार गरी पेश गर्न सुझाव दिइयो । हुलाके चुल्डे वनभित्र सडकको कार्य सम्पन्न भएको । टुनिभोटे थामीगाउँ सडक शैलुङ ७ र बमराजी वडा कार्यालय सडक शैलुङ ७ को कार्य सम्पन्न भएको र सोलिङको कार्य राम्रो भएको देखिएको छ । सिस्नेरी खानेपानी शैलुङ ७ को कार्य भैरहेको फिटिङको कार्य बाँकी भएकोले कार्य सम्पन्न गरी पेश गर्न भनिएको । सागुते मावि घेराबारको कार्य सम्पन्न भएको तथा सागुते मावि भौतिक व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेकोले कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको । सडक

सरसफाई शैलुङ ६ को कार्य सम्पन्न भएको । सत्यदेवी मन्दिर शैलुङ ६ को प्राविधिक लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको । आहाले ढिस्कुना सडक शैलुङ ६ को ह्युम पाइप राखिएको ठाउँमा ह्युम पाइपको मुखमा सुख्खा ढुङ्गाको वाल लगाउने र प्राविधिक लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी पेश गर्न भनिएको । फस्कु स्वास्थ्य चौकी शैलुङ ७ को प्राविधिक लागत अनुमान अनुसार समयमा नै कार्य सम्पन्न गरी पेश गर्न भनिएको । विक टोल खानेपानी शैलुङ ७ को काम भै रहेको र लागत अनुमान बमोजिम कार्य सम्पन्न गरी मूल्यांकन प्रक्रिया अघि बढाउने सुझाव दिइएको छ । गोठपानी सामुदायिक भवन शैलुङ ६ को ढलान कार्य सम्पन्न भएको तथा ओखरबोट हिले हेल्थपोष्ट सडक शैलुङ ६ को कार्य भै रहेकोमा हाल सम्मको कार्य सन्तोषजनक रहेको तर कटिङ गरिएको नयाँ ट्र्याकमा सडक ग्रेड मिलाउन निर्माण व्यवसायीलाई सुझाव दिइएको । वडा कार्यालय अधुरो सडक शैलुङ ७ को नयाँ ट्र्याक खनिएकोमा उक्त सडकको ग्रेड नमिलेकोले ग्रेड मिलाई सडक सुधार गर्न सुझाव दिइएको ।

**निष्कर्ष:**

गाउँपालिका स्तरीय अनुगमन समिति लगायत गाउँपालिकाका पूर्वाधार विकास समितिका संयोजक समेत सहभागी रहनु भएको यस अवधिमा अनुगमन गरिएका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ । सडक सोलिङको कार्य तुलनात्मक रुपमा केही आयोजना बाहेक राम्रो देखिएको तर साइड क्लियर गर्ने र नाला व्यवस्थापनको काममा अझेपनि अपेक्षित ध्यान पुग्न नसकेको देखिएकोले यस तर्फ ध्यान दिन प्राविधिक रुपमा समेत सुझाव दिइएको छ भने सोलिङ गर्दा स साना ढुङ्गाहरु साइडमा त्यत्तिकै छोड्ने गरेको देखिएकोले ती ससाना ढुङ्गा चुकुल ठोक्ने कार्यमा प्रयोग गर्न तर्फ ध्यान दिन सुझाव दिइएको छ । त्यस्तै सडकको नयाँ ट्र्याक खन्दा स्थानीय समुदायको सहमति नभएर वा अन्य कुनै कारणले सडको ग्रेड नमिल्ने समस्या व्यापक रुपमा देखिएकोले लाभग्राही स्थानीय समुदाय सँग जनप्रतिनिधिज्यूहरु र सरोकारवालाले नयाँ ट्र्याक खोल्दा अपसी सहमति गरेर मात्र काम अघि बढाउन उपयुक्त हुने देखिएको छ । समग्रमा यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देखिएको छ ।

प्रतिवेदक

सदस्य सचिव

४. शैलुङ गाउँपालिकाको तपसिल बमोजिमको हाल सम्मको आय व्यय विवरण अनुमोदन गर्ने

| आय तर्फ | | | | |
|---|---|---|---|---|
| **सङ्घीय सरकार तर्फ** | | | | |
| **सि.नं.** | **शिर्षक** | **प्रस्तावित आय** | **वास्तविक आय** | **आम्दानी प्रतिशत** |
| १ | समानीकरण अनुदान | ११,१८,००,०००/- | ८,३८,५०,०००/- | ७५ |
| २ | शसर्त अनुदान चालु | १९,४६,४४,०००/- | १०,७१,४०,५२०/- | ५५।०४ |
| ३ | शसर्त अनुदान पुँजीगत | २,००,००,०००/- | १,०६,७६,०००/- | ५३।३८ |
| ४ | विशेष अनुदान पुँजीगत | २,००,००,०००/- | ० | ३१.८८ |
| ५ | समपुरक अनुदान पुँजीगत | १,००,००,०००/- | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| **प्रदेश सरकार तर्फ** | | | | |
| १ | समानीकरण अनुदान | १,१४,०६,०००/- | ५७,०३,०००/- | ५० |
| २ | शसर्त अनुदान चालु | ६८,८१,०००/- | १७,२०,२५०/- | २५ |
| ३ | शसर्त अनुदान पुँजीगत | १,३०,००,०००/- | ३२,५०,०००/- | २५ |
| ४ | विशेष अनुदान पुँजीगत | ८०,००,०००/- | ० | ० |
| ५ | समपुरक अनुदान पुँजीगत | २,००,००,०००/- | ० | ० |
| **राजश्व बाँडफाड तर्फ** | | | | |
| १ | घर जग्गा रजिस्ट्रेशन दस्तुर | १५,००,०००/- | १,९७,६६४।२० | १३।१८ |
| २ | बांडफांड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ६,४२,५८,९२९/- | ३,५५,२७,६८५।५७ | ५५.२९ |
| ३ | बांडफांड भई प्राप्त हुने अन्तशुल्क | २,३३,४१,०७१/- | १,२०,०१,३९९।५२ | ५१.४२ |
| ४ | बांडफांड भई प्राप्त हुने वन रोयल्टी | ५०,०००/- | ० | ० |
| ५ | बांडफांड भई प्राप्त हुने जलस्रोत सम्बन्धी रोयल्टी | ३,५०,०००/- | ० | ० |
| ६ | बांडफांड भई प्राप्त हुने सवारी साधन कर | २,४२,९४,९००.०० | १,०१,५१,३८९.१२ | ४१.७८ |
| **आन्तरिक स्रोत** | | | | |
| १ | आन्तरिक स्रोत | १०,२३,४५,१००/- | २,२४,५४,८९४.९३ | १८.८२ |
| जम्मा | | ६३,१८,७१,०००/- | १४,४८,३३,३५५.०८ | |
| **व्यय तर्फ** | | | | |
| **सि.नं.** | **शिर्षक** | **प्रस्तावित व्यय** | **वास्तविक व्यय** | **व्यय प्रतिशत** |
| १ | चालु तर्फ | ३६,९०,६९,९००/- | १४,६७,९८,४४०। | ३९.८३ |
| २ | पुँजीगत तर्फ | २६,२८,०१,१००/- | १,३१,३७,९०२.५८ | १३।४६ |
| जम्मा | | ६३,१८,७१,०००/- | ८,६३,२१,४४०.२८ | २८।८५ |

५. शैलुङ अस्पताल संचालन कार्यविधि, २०८१ माथि थप छलफलको लागि विधायन समितिमा पठाउने र आगामि बैठकबाट स्वीकृत गरी कार्यान्वयन गर्ने

६. शैलुङ गाउँपालिकाको वडा नं. ३ वोत्लेमा अवस्थित कोल्डस्टोर सार्वजनिक निजी साझेदारीमा विकास संचालन र हस्तान्तरण मोडलमा वार्षिक ६ लाख न्युनतम कवोल अंक कायम गर्ने र ३ वर्षको लागी प्रस्ताव आह्वान गर्न पेश भएको प्रस्तावपत्र , आयोजना संभाव्यता लेखाजोखा, आय संभाव्यताको लेखाजोखा र कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने

७. आ.व. २०७९/०८० को लागि यस गाउँपालिकाबाट विशेष अनुदानको लागि गोल्मोखोला दुधपोखरी कल्लाबारी खानेपानी आयोजना, शैलुङ-१ को लागी प्रस्ताव पेश गरिएकोमा तहाँबाट उक्त प्रस्ताव स्वीकृत भई यस गाउँपालिकाबाट DPR अनुसार ठेक्का प्रकृया सुरु गरी निर्माण व्यवसायी सँग रू ५,५०,२४,७८१।४८(पाँच करोड पचास लाख चौविस हजार सात सय एकासी रुपैयाँ अड्चालिस पैसा मात्र) मा सम्झौता भई निर्माण कार्य अगाडी बढेकोमा तहाँबाट आ.व. २०७९/०८० मा प्राप्त रकम मध्ये रू ४८,००,०००/-(अड्चालिस लाख मात्र) पेश्कि भुक्तानी भई अन्य रकम फिर्ता गरिएको, त्यसै गरी आ.व. २०८०/०८१ मा प्राप्त रकम मध्ये रू १,९२,०६,७७६/-(एक करोड बयानब्बे लाख छ हजार सात सय छयहत्तर मात्र) रनिङ विल भुक्तानी भई बाँकि रकम फिर्ता गरिएको उक्त योजनाको सम्झौता अनुसारको निर्माण कार्य भइरहेता पनि बजेट अभावका कारण सो योजना अधुरो हुने देखिएको हुँदा सो आयोजना सम्पन्न गर्नको लागि रू ३ करोड १० लाख रकम थप आवश्यक भएकोले विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ को दफा १८ मा भएको व्यवस्था बमोजिम योजना छनौट गरिदिनको लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने र उक्त योजना स्वीकृत भएको खण्डमा आ.व. २०८२/०८३ सम्ममा योजना सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

८. शैलुङ गाउँपालिकाबाट दोस्रो चौमासिक अवधिमा भए गरेका कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१/१२/२० गते बाघखोर बजारमा गर्ने

९. 'घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिम गठित सार्वजनिक निर्माण व्यवस्थापन समितिको सिफारिस अनुसार स्काईदिप कन्स्ट्रक्सन प्रा.लि., शैलुङ-३, दोलखालाई 'घ वर्गको निर्माण व्यवसाय इजाजत-पत्र उपलब्ध गराउने

१०.(क) शैलुङ गाउँपालिका अन्तरगर सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये समयमा नै सामाजिक परीक्षण मापदण्ड-२०७८ पेश गर्ने विद्यालयहरुलाई कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को क्रियाकलाप नं. २।७।१३।१३ को ९.२ तोकिएको सूचकको आधारमा उक्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराउन प्रधानाध्यपकहरुको मिति २०८१ माघ २० गतेको समन्वय बैठकवाट सिफारिस भएको हुनाले तपसिलका विद्यालयहरुलाई सो अनुदान उपलब्ध गराउने

तपसिल

| क्र.सं. | विद्यालयको नाम | 2081 सालको विद्यार्थी संख्या | सामाजिक परीक्षणमा प्राप्त अंक | पेश गरेको मिति | कैफियत | रकम |
|---|---|---|---|---|---|---|
| १ | दुर्गा माध्यमिक विद्यालय , शैलुङ-४ भैंसेचौर , | 420 | 91 | 2081-08-27 | प्रथम | ३,००,०००।- |
| २ | शैलुङ्गेश्वर आधारभुत विद्यालय , शैलुङ-८ , मनगाउँ | १२७ | ६४ | 2081/08/28 | द्वितिय | २,००,०००।- |

ख) प्रदेश सरकारद्वारा हस्तान्तरित मौरी प्रवर्द्धन कार्यक्रम,शैलुङ ७ कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आह्वान गरिएकोमा निर्धारित समयभित्र प्रस्ताव पेश गरेका समूहहरू मध्ये तपसिल बमोजिमका समूह/सहकारीहरू छनौट गरी कार्यान्वयन गर्ने

| सि.नं. | समूह/सहकारीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री भद्रेश्वर कृषि सहकारी संस्था | शैलुङ-७ | |
| २ | श्री डाँडा गाउँ कृषक समूह | शैलुङ-७ | |
| ३ | श्री चमेली घरायसी खद्यान्न उत्पादन महिला कृषक समूह | शैलुङ-७ | |

ग) प्रदेश सरकारद्वारा हस्तान्तरित माछा प्रवर्द्धन कार्यक्रम,शैलुङ २ कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आह्वान गरिएकोमा निर्धारित समयभित्र प्रस्ताव पेश गरेका समूह/सहकारीहरू मध्ये तपसिल बमोजिमका समूह/सहकारीहरू छनौट गरी कार्यान्वयन गर्ने

| सि.नं. | समूह/सहकारीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री ग्रिनतारा सानाकिसान कृषि सहकारी संस्था लि. | शैलुङ-२ | |
| २ | चेतकुमार श्रेष्ठ कृषि तथा पशुपन्छी फर्म | शैलुङ-२ | |
| ३ | ग्याङ्गर माछा कृषि तथा पशुपन्छी फर्म | शैलुङ-२ | |
| ४ | लङगर्जे किवी तथा पशुपन्छी फर्म | शैलुङ-२ | |

घ) सान्जेत सामुदायिक भवनमा असोज माहिनामा परेको अविरल वर्षाका कारण पहिरोको जोखिममा परेको हुँदा उक्त भवनमा आएको पहिरो नियन्त्रणको लागि खर्च उपशिर्षक नं. २७११२, विपद तथा आकस्मित कोष व्यवस्थापन शिर्षकबाट रू ४०,०००/- खर्च गर्ने

ङ) यस गाउँपालिकामा योजना तथा अनुगमन शाखामा कार्यरत कर्मचारी श्री बलराम पौड्यालको कार्यालय परिसरमा कार्यसम्पादन गर्ने क्रममा गाउँपालिकाको नालामा अल्झि लडेर दाँतमा चोट लागि दाँत फेर्नु परेको हुँदा निजको दाँत फेर्न लागेको खर्च मध्ये रू २०,०००/- (विस हजार मात्र) खर्च उपशिर्षक नं. २७२१२, आर्थिक सहायता (प्राविधिक विद्यार्थी,रोगी पिडित परिवार,संघ संस्था अनुदान,महोत्सव,व्यापार मेला लगायत अन्य) शिर्षकबाट भुक्तानी गर्ने

च) गाउँपालिकामा रहेका तपसिल बमोजिमका सवारीसाधनहरु लागत अनुमान अनुसार मर्मत गरी खर्च उपशीर्षक नं. २२२१३, सवारी साधन मर्मत खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने

तपसिल

| सि.नं. | सवारीसाधन नं. | सवारी प्रकार | सवारीचालकको नाम | अनुमानित लागत रू | कैफियत |
|---|---|---|---|---|---|
| २ | बागामति प्रदेश ०२-००१ ब ३१६१ | मोटरसाइकल | रामकाजि कार्कि | १०,५००/- | |

छ) गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अवधि मिति २०८१/१२ /०५ गते सम्म थप गर्ने

ज) शैलुङ्गेश्वर निर्माण सेवा प्रा.लि. को मिति २०८१/११/२५ को पत्रानुसार ठेक्का नं. SRM/SQ/W/04-2081/082 , थाल डाँडा भदौरे सडक मर्मत तथा निर्माण  योजनाको  म्याद थपको लागि दिएको निवेदन मनासिव देखि उक्त योजनाको कार्य सम्पादन गर्ने अवधि चैत्र मसान्त सम्म थप गर्ने